बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था
स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा
भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट
मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।
खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म
सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन?
- बाल विवाह
- बहु विवाह
- अनमेल विवाह
- दाईजो विवाह
- अनिच्छित विवाह
- दवाव विवाह
बिचार गर्नुन,
के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानुनी अपराध हुन् ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१३ ।। अङ्क : ३०७ ॥ २०७८ माघ १५ गते शनिबार (29th Jan 2022 Saturday)    Pratidin National Daily    dNo-?:%÷-

## ओमिक्रोनले झापामा फेरि एकजनाको मृत्यु ,७२ संक्रमित



*झापा (प्रस)* । ओमिक्रोन भाइरसले झापामा निरन्तर मानवीय क्षति गर्न थालेको छ । बिहीबार जिल्लाका एकजना संक्रमितको मृत्यु भएको भोलिपल्ट फेरि अर्का संक्रमितको पनि मृत्यु भएको हो । पछिल्लो चौबीस घण्टामा कचनकवल गाउँपालिका वडा नं ६ की ६२ वर्षिया महिलाको मृत्यु भएको हो । उनको बिहीबार बेलुका मेची अस्पतालमा मृत्यु भएको कचनकवल गाउँपालिकाका स्वास्थ्य शाखाका कर्मचारी महेश नेपालले जानकारी दिए । उनलाई एन्टीजेन विधिबाट संक्रमण पुष्टि भएको थियो ।

यसअघि कमल गाउँपालिका वडा नं १ की ४६ वर्षिया महिलाको ओमिक्रोनले मृत्यु भएको थियो । बिर्तामोडस्थित बिएण्डसी हस्पिटलमा उपचारका क्रममा बुधबार राति ८.३० बजे उनको मृत्यु भएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । उनलाई बुधबार नै एन्टीजेन विधिबाट संक्रमण पुष्टि भएको थियो । योसहित झापामा ओमिक्रोन संक्रमणबाट ७ जनाको मृत्यु भइसकेको छ भने हालसम्म कोरोनाले मृत्यु हुनेको संख्या ६६३ पुगेको छ ।

यसैबीच पछिल्लो पटक झापामा ७२ जना नयाँ संक्रमित थपिएका छन् । थपिनेमा ३५ महिला र ३७ पुरुष रहेका छन् । शुक्रबारसम्म झापामा सक्रिय संक्रमितको संख्या १९३२ पुगेको छ ।त्यसमध्ये २५ जना अस्पताल भर्ना भएका छन् ।

यसैबीच प्रदेश १ मा पछिल्लो २४ घण्टामा ६९३ जनामा कोरोना संक्रमण भएको छ ।

८४१ जनाको पीसीआर परीक्षण गर्दा ३८३ र ८१० जनाको एन्टिजेन परीक्षण गर्दा ३१० जनामा कोरोना संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार पीसीआर परीक्षणका आधारमा मोरङमा १७६, सुनसरीमा ८७, उदयपुरमा १५, इलाम र धनकुटामा ६-६, भोजपुरमा २, ताप्लेजुङ, संखुवासभा र खोटाङमा १-१ र प्रदेश १ बाहिरका २२ जनामा संक्रमण भएको हो ।

मोरङको विराटनगरमा १३५, पथरीशनिश्चरे र सुन्दरहरैचामा ८-८, बुढीगंगामा ५, बेलबारी र उर्लाबारीमा ४-४, केराबारीमा ३, रतुवामाई र कटहरीमा २-२, कानेपोखरी, ग्रामथान, सुनबर्षी, जहदा र धनपालथानमा १-१, सुनसरीको धरानमा ३७, इटहरीमा ३२, इनरुवामा ५, रामधुनी र दुहबीमा ३-३, देवानगञ्ज र स्थानीय तह नखुलेका २-२, गढी, वराहक्षेत्र र कोशी गाउँपालिकामा १-१, उदयपुरको कटारीमा ७, बेलकामा ३, त्रियुगा र स्थानीय तह नखुलेका २-२, चौदण्डीगढीमा १, इलामको इलाम नगरपालिकामा २, माई, मांसेबुङ, सुर्योदय र माई जोगमाईमा १-१, धनकुटाको धनकुटा नगरपालिकामा ६, भोजपुरको भोजपुर नगरपालिका र स्थानीय तह नखुलेका १-१, ताप्लेजुङको फक्ताङलुङ, संखुवासभाको मादी र खोटाङको दिप्रुङमा १-१ र प्रदेश १ बाहिरका २२ जनामा संक्रमण भएको मन्त्रालयले जनाएको छ ।

प्रदेश १ मा शुक्रबार ३२९ जना कोरोना संक्रमणमुक्त भएका छन् । संक्रमणमुक्त हुनेमा १५१ महिला र १७८ पुरुष रहेका छन् । पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट २ महिलाको मृत्यु भएको छ । सक्रिय संक्रमितको संख्या ७ हजार ४१६ रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

## टोल गठनमा काँग्रेस र एमालेको होडबाजी

*कुमरखोद (प्रस)* । झापा गाउँपालिकामा टोल समिति गठन गर्न नेपाली काँग्रेस र एमालेबीच होडबाजी चलेको छ । स्थानीय चुनाव नजिकिदै जाँदा नेपाली काँग्रेस र एमालेको गाउँ कमिटीले प्रत्येक वडाको टोलटोलमा गएर टोल समिति गठनलाई तिव्रता दिएका हुन् । झापा गाउँपालिकाको ७ वटा वडामध्ये काँग्रेसले स्थानीय चुनावमा २ वटा वडामा वडाध्यक्ष जितेको थियो भने एमालेले ४ वटा वडामा र एउटा स्वतन्त्र उम्मेदवारले वडा अध्यक्ष जितेका थिए । झापा

❖ बाँकी तेस्रो पृष्ठमा

हार्दिक बधाई तथा शुभकामना



अगुवा राजनीतिज्ञ तथा समाजसेवी आदरणीय गोपालकुमार बस्नेत माघ १२ गते सम्पन्न राष्ट्रिय सभा निर्वाचनबाट सदस्य पदमा निर्वाचित हुनुभएकोमा गौरवान्वित महसुस गर्दै आगामी दिनमा यहाँको भूमिका राष्ट्रिय सभामा नेपाल र नेपाली जनताले गौरव गर्न लायक रहोस् भन्दै सुखद र सफल कार्यकालको हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

निर्मल भट्टराई
चेयरमेन
एभरेष्ट लार्ज कार्डमम इन्डष्ट्रिज प्रालि
अर्जुनधारा -८ , झापा

ओमकृष्ण बिमली
अध्यक्ष
नेपाल चेम्बर्स अफ कमर्श
झापा

## फक्तालुङ एजुकेशनलाई इन्टरनेशनल अवार्ड



*कनकाई (प्रस)* । झापाको कनकाई नगरपालिका-७ स्थित दुर्गापुरको फक्तालुङ एजुकेशनले ब्रिटिस काउन्सिलद्वारा संचालित प्रयोगात्मक सिकाईमा इन्टरनेशनल अवार्ड जितेको छ ।

विद्यार्थीलाई अन्तर्राष्ट्रियस्तरको नागरिक (ग्लोवल सिटिजन) को रुपमा विकास गर्ने उद्धेश्यले सन् २०१९/२० मा विद्यालयमा संचालित प्रयोगात्मक सिकाई अभ्यासअन्तरगत विद्यालयले अवार्ड जितेको हो ।

विद्यालयका कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुले प्रयोगात्मक सिकाई कार्यक्रममा सहभागिता जनाएको विद्यालयका संचालक ओमबिक्रम नेम्वाङले बताए । उनका अनुसार अहिले पनि विद्यालयमा उक्त कार्यक्रम संचालनमा छ ।

झापाका ३० वटा सामुदायिक तथा संस्थागत विद्यालयले सहभागिता जनाएको उक्त सिकाई कार्यक्रममा झापाबाट चारवटा विद्यालयले मात्र इन्टरनेशनल अवार्ड जित्न सफल भएको फक्तालुङ एजुकेशनका भाइस प्रिन्सिपल तथा कार्यक्रम कोअर्डिनेटर लक्ष्मी अधिकारीले बताए । उनले अन्तर्राष्ट्रिय स्तरको नागरिक हुनको लागि पाठ्यक्रम सिकाई अभ्यास अनुसार विद्यार्थीलाई विभिन्न ७ वटा विधामा प्रयोगात्मक सिकाईमा भाग लिएको जानकारी दिए । विद्यार्थीलाई ढुङ्गा कलाकारिता, अन्धविश्वास, फोहोरलाई पुनः प्रयोग, धुम्रपान र त्यसको असर, परंम्परागत खेल, सन्थाल जातिको सोराई पर्वलगायतका विषयमा प्रयोगात्मक अध्ययन तथा अवलोकन गराईएको थियो ।

भारत, पाकिस्तान, भियतनाम, बेलायतगरी चारवटा देशका विद्यालयसंग सहकार्य गरी सिकाई कार्यक्रम गरिएको थियो । अवार्ड पाउने विद्यालयले ब्रिटिस काउन्सिलको लोगोलाई आधिकारिक रुपमा प्रयोग गर्न पाउने छ । उक्त विद्यालयले आगामी तीन बर्षसम्म अन्तर्राष्ट्रिय स्तरका यस कार्यक्रममा जोडिएका प्रशिद्ध विद्यालयहरुसंग सहकार्य र एक आपसमा भौतिक रुपमा अनुभव आदानप्रदान गर्न सक्ने छन् ।

झापाको फक्तालुङसहित चारवटा विद्यालयले उक्त अवार्ड हात पारेका हुन् । देशभरबाट ३ हजार विद्यालयले उक्त कार्यक्रमका लागि सहभागिता जनाएका थिए ।

ठाकुर पोलिक्लिनिक
पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा
+977-23-590008   9817964771

| | | |
|---|---|---|
| डा. पिताम्बर ठाकुर<br>MBBS.MD (TU) NMC 1914<br>Cheif Consultant Physician<br>Ex Superintendent Mechi Zonal Hospital<br>समयः दैनिक बिहान ११-२ बजे सम्म, दिउँसो ४ बजे पछि | डा. शम्भु नवल<br>MBBS.MS. (TU/IOM)<br>Gold Medalist NMC 6724<br>Consultant General Leproscopic & Uro- Surgeon<br>समयः दैनिक बिहान ७-९ बजे सम्म | डा. अरूण फुयाल<br>MBBS.MD (KUSMS) NMC 18337<br>Radiologist & Imaging<br>समयः दैनिक बिहान ७-९ बजे सम्म, साँझ ५ बजे पछि |
| डा. लोभराज लोहनी<br>Fellowship Of Rheumatologist (AIIMS, New Delhi) NMC 11300<br>MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)<br>समयः प्रत्येक दिन बिहान ७-९ बजे सम्म, साँझ ५-६ बजे | डा. केशव ढकाल<br>MBBS.MD. (BPKIHS)<br>Dermatologist NMC 2910<br>वरिष्ठ छाला, कुष्ठ तथा यौन रोग विशेषज्ञ<br>समयः प्रत्येक दिन २ बजे पछि | डा. विवेक रौनियार<br>MBBS.MD (Neuro Physician) NMC<br>बरिष्ठ ढाड, टाउको तथा नशारोग विशेषज्ञ<br>समयः प्रत्येक शनिवार मध्यान्न १२ बजे पछि |
| डा. केशव मण्डल<br>MBBS. (BPKIHS) MD (TU) NMC 13303<br>नवजात शिशु तथा बाल रोग विशेषज्ञ<br>समयः दैनिक बिहान ८-१० बजे र साँझ ५ बजे पछि | डा. शशांकराज पोखरेल<br>MBBS. MD (Psychiatry) BPKIHS, DHARAN<br>वरिष्ठ टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ<br>समयः दैनिक साँझ ५ बजे पछि | डा. धिरज गिरी<br>MBBS. MD (ENT)<br>वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ<br>समयः दैनिक सेवा |

यहाँ भिडियो एक्सरे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी, ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको साथै अनुभवी डाक्टरहरुद्वारा उपचार सेवा उपलब्ध छ ।

हार्दिक बधाई तथा शुभकामना



राजवंशी समुदायका अगुवा बिर्तामोड १० निवासी आदरणीय सडकलाल राजवंशी डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल (डिन) को १६ औं झापा जिल्ला अधिवेशनबाट अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा उहाँसहित सिंगो टीमलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछुं ।

झलक राजवंशी
अध्यक्ष
सामुदायिक भवन निर्माण समिति

बालकृष्ण राजवंशी
सचिव
राजवंशी विकास समिति

जीतलाल राजवंशी
अध्यक्ष
राजवंशी विकास समिति

बिर्तामोड, झापा

हार्दिक बधाई तथा शुभकामना



डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल (डिन) को १६ औं झापा जिल्ला अधिवेशनबाट अध्यक्षमा सडकलाल राजवंशी , उपाध्यक्ष हिरण्य राई , सचिव विपिन रेग्मी , सहसचिव मंगेश नेपाली , कोषाध्यक्ष ओमप्रकाश राई तथा सदस्यहरुमा कुलानन्द चौधरी , डम्बरकुमारी थापा , विष्णु आङ्देम्बे , बिशाल राजवंशी , डम्बरबहादुर श्रेष्ठ , दिपेन गिरी र अनिता कटुवाल निर्वाचित हुनुभएकोमा सिंगो टीमलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछुं ।

नारायणप्रसाद भट्टराई
उपाध्यक्ष
डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल (डिन)
झापा

## लागूऔषधसहित एकजना पक्राउ

*झापा (प्रस)* । मोरङ विराटनगर महानगरपालिका-१५ को एक नम्बर ढाटबाट लागूऔषधसहित एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा मोरङ उर्लाबारी नगरपालिका ३ बस्ने ३० बर्षीय ज्ञानु धिमाल रहेका छन् । शुक्रबार बिहान साढे ९ बजे लागूऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले उनलाई नाईट्रटभेट २२५ ट्याब्लेटसहित पक्राउ गरेको हो । पक्राउ परेका धिमालको बारेमा ईलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान भईरहेको जनाइएको छ ।

# हार्दिक कृतज्ञता सहित धन्यवाद्



डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल (डिन) को १६ औं झापा जिल्ला अधिवेशनबाट सहसचिव जस्तो गरिमामय पदमा निर्वाचित गराउनुहुने सम्पूर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै मलाई सामाजिक संजालमार्फत , फोन गरेर,भेटेर वा पत्रपत्रिकामार्फत बधाई तथा शुभकामना दिनुहुने मेरा साथीभाइ , शुभचिन्तक,ईष्टमित्रहरुमा हार्दिक आभार प्रकट गर्दै कृतज्ञतासहित धन्यवाद व्यक्त गर्दछु ।

**मंगेश नेपाली**
नवनिर्वाचित सहसचिव
डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल (डिन), झापा



# हार्दिक बधाई तथा शुभकामना



बिर्तामोड नगरपालिकामा कार्यरत बिर्तामोड १० निवासी आदरणीय सडकलाल राजवंशी डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल (डिन) को १६ औं झापा जिल्ला अधिवेशनबाट अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा उहाँसहित सिंगो टीमलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछुं ।

**दुर्योधन गुरुङ**
वडा अध्यक्ष
**एवं बिर्तामोड नगरपालिका १० नं वडा कार्यालय परिवार**
सैनिकबजार , झापा


# झापाका १२१ सीमास्तम्भ गायब



***झापा (प्रस) ।*** भारतसँग सीमा जोडिएको झापा क्षेत्रका १ सय २१ वटा नेपाल-भारत सीमास्तम्भ गायब भएका छन् ।

भारतसँग सिमाना जोडिएको १ सय ४२ किलोमिटर क्षेत्रमा रहेका ९ सय ८८ सीमा स्तम्भमध्ये ३ वटा जङ्गे पिल्लरसहित १ सय २१ वटा पिल्लर हराएका हुन् । झापाका पूर्वप्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिना भन्छन् , 'मेरो पालामा नै दुईवटा बर्खामा १२ र १९ वटा पिल्लर खोलाले बगायो भन्ने सूचना आएको थियो तर, यसलाई पुनः सोही ठाउँमा गाड्न सकिएन ।' हराएकामध्ये साना १ सय १० वटा, सहायक स्तम्भ ८ वटा र जङ्गे पिल्लर ३ वटा छन् । झापा प्रमुख जिल्ला अधिकारी छविलाल रिजालका अनुसार हराएका सीमास्तम्भको विषयमा गृह मन्त्रालयलाई लिखित जानकारी गराइसकिएको छ । प्रजिअ रिजालले भने, 'कोभिड नियन्त्रण र रोकथाममा सबै जनशक्ति लागेका कारण ढिला भएको हुनसक्छ । म भर्खरै झापा आएको छु । अब यो विषयमा गम्भीर भएर लाग्नेछु ।'

भारतको पश्चिम बङ्गाल र विहारसँग सिमाना जोडिएका क्षेत्रका सीमा स्तम्भहरू केही मेची नदीले बगाएको र कतिपय भारतीय सुरक्षा फौजले नै गायब गरेको स्थानीयको भनाइ छ । कचनकवल गाउँपालिकाका अध्यक्ष अन्जार आलम पनि भारतीय पक्षको ज्यादतीका कारण सयौं बिगाह नेपालको जमिन भारतले कब्जा गरेको तर, धनीपुर्जा नेपालीसँग भएकाले समस्या उत्पन्न भएको बताउँछन् । उनी भन्छन् , 'यहाँका सीमा स्तम्भहरू रातारात हराए तर, कसले उखेल्यो भन्ने थाहा छैन, कतिपय त खोलाले नै बगाएर लग्यो ।'

नेपाली बस्तीलाई बाढीको जोखिमबाट बचाउनका लागि आफूहरूले तटबन्ध बनाउन खोज्दासमेत भारतीय सुरक्षाकर्मी र स्थानीय अधिकारीले रोकेको उनी गुनासो गर्छन् । 'उनीहरूले यो हाम्रो भूमि हो भने तर, त्यहाँका सीमा स्तम्भहरू हराए पनि हामीले पुराना प्रमाणहरू देखाएपछि मात्र तटबन्ध गर्न दिए' अध्यक्ष आलमले भने, 'हराएका पिल्लर नहुँदा हामीलाई धेरै समस्या भएको छ ।' उता मेचीनगर नगरपालिकाले समेत हराएका सीमा स्तम्भको विषयमा मन्त्रालयलाई जानकारी गराएको छ । नगरप्रमुख विमल आचार्यका अनुसार सीमा स्तम्भ हराउँदा समस्या उत्पन्न भएको छ । उनले भने, 'स्थानीयवासी आक्रोसमा छन् , कोभिडका कारण दुई देशको बैठक बस्न नपाएर मर्मत सम्भार र निर्माण गर्न नपाएको भनिएको छ । यो सरासर गलत हो ।' यसले भोलि झनै ठूलो समस्या निम्त्याउने भएकाले सरकारले तुरुन्त सीमा स्तभको खोजी गरी पुनर्स्थापना गर्नुपर्ने उनको भनाइ छ ।


नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. १, प्रादेशिक कार्यालय,बिराटनगर
अनारमनी वितरण केन्द्र
फोन: ०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

## विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समयमा विद्युत आपूर्ती अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७८/१० /१५ गते | ११ के.भि. शनिश्चरे फिडर । | अर्जुनधारा न.पा. को शनिश्चरे बजार हुदौ भाडबारी,रातेखाल, कन्चनबारी,नारान,चौक,खुदुनाबारी आसपासका सम्पूर्ण क्षेत्रहरु । | बिहान ८:०० बजे देखि दिउँसो ४:०० बजेसम्म | विद्युतिय संरचना स्थानान्तरण लगायत बूस कटिङ र डि.ओ.लाईटिङ राख्ने कार्य गर्नु पर्ने । | उल्लेखित समयभन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

नेपाल विद्युत प्राधिकरण
अनारमनी वितरण केन्द्र



The BLUE MOON Café



बर्थडे पार्टी ( हलसहित ) ,स्पेशल थकाली खाना , नास्ता , पेय पदार्थ पाउनुका साथै होम डेलिभरीको पनि व्यवस्था छ ।

ओपनिङको उपलक्ष्यमा एक हप्तासम्मका लागि विशेष छुट

Add: Sanischare road (Global bank opposite) Birtamode-Jhapa
Mob: 9746865070 , 9852665071



# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



# जनहितमा जारी सन्देश

कोभिड-१९ को नयाँ भेरियन्ट ओमीक्रोन भाइरसको संक्रमण बिर्तामोड नगरपालिका क्षेत्र भित्र पनि अत्याधिक फैलिएको हुनाले सबैजना सजग बनौं ।

- मास्कको सही प्रयोग गरौं ।
- भौतिक दूरी कायम गरौं ।
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- भिडभाड नगरौं ।
- स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरौं ।
- कोरोनाविरूद्धको खोप अनिवार्य लगाऔं ।

कोभिड–१९को लक्षण देखिएमा वा त्यस्तै प्रकारको स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

बिर्तामोड नगरपालिका
प्रदेश नं. १, झापा, नेपाल


# ब्राउनसुगरसहित दुई ट्रक चालक पक्राउ



***झापा (प्रस) ।*** जिल्ला प्रहरी कार्यालय भोजपुरले ब्राउनसुगरसहित दुईजनालाई नियन्त्रणमा लिएको छ ।

दुईवटा मालबाहक ट्रकमा ब्राउनसुगर भेटिएपछि दुवै चालकलाई नियन्त्रणमा लिएको हो । भोजपुर सदरमुकाम नजिकैको दुम्सिकास्थित को.१ ख ६२३२ र ना. ६ ख ७४७८ नम्बरको ट्रकमा ब्राउनसुगर लुकाएर लाँदै गरेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय भोजपुरका सूचना अधिकारी अर्जुनकुमार अधिकारीले बताए । उनीहरूको साथबाट करिब दुई ग्राम एक मिलिग्राम ब्राउनसुगर र ८३ हजार ६०० रूपैयाँ नगद बरामद गरेको अधिकारीले जानकारी दिए । पक्राउ पर्नेमा ट्रक चालक धनकुटा नगरपालिका घर भई मोरङको केराबारी बस्दै आएका २९ वर्षीय सुमन तामाङ र संखुवासभा धर्मदेवी नगरपालिका-५ का ३७ वर्षीय दलबहादुर मगर रहेका छन् । नियन्त्रणमा लिइएका दुवै ट्रक भोजपुरबाट धरान जाँदै गरेका थिए ।


# हरि ओम UPVC उद्योग



बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१
हाम्रा सेवाहरू: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।
नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### झापामा बढ्यो संक्रमण

अबको तीन सातामा कोरोना संक्रमणको उच्च जोखिम रहेको स्वास्थ्यविज्ञहरुले बताएका छन् । केही दिनयता देशभर संक्रमणको दर अकासिँदै गएको छ । दैनिक १० हजारभन्दा बढी संक्रमित भइरहेका छन् ।झापामा पनि संक्रमण थपिदै गएको छ । जाँच गर्नेमध्ये ५० प्रतिशतमा कोरोना संक्रमण भेटिन थालेको छ । सर्वसाधारणदेखि चिकित्सकसम्म संक्रमणमा परेका छन्। अबका केही साता निकै जोखिमपूर्ण हुने विज्ञहरूको अनुमान छ । विश्व स्वास्थ्य संगठन र स्वास्थ्यका विभिन्न ‘टुल’ को प्रयोग गरेर संक्रमण फैलावटको आकलन गर्ने गरिएको छ । प्रमुख सहर र भारतसँगका सीमा जोडिएका सहरमा संक्रमितको संख्या उच्च छ । संक्रामक दर बढ्दै गएकाले केही साता उच्च जोखिमपूर्ण छन्। महामारीबाट बच्न स्वास्थ्य सतर्कता अपनाउने र मापदण्ड लागू गर्नुको विकल्प छैन।

सर्वसाधारण मात्र होइन, स्वास्थ्यकर्मी संक्रमितको दर पनि उच्च छ । संक्रमित स्वास्थ्यकर्मी बढ्दै जाँदा बिरामीले उपचारै नपाउने हुन् कि भन्ने चिन्ता व्यक्त गर्न थालिएको छ। स्वास्थ्यकर्मी अभावले मेडिकल आईसीयु वार्ड नै बन्द गर्नुपर्ने अवस्था आइसकेको स्वास्थ्यकर्मीले बताउन थालेका छन्। उपचार गर्ने डाक्टर, नर्स र स्वास्थ्यकर्मी नै बिरामी परेपछि सर्वसाधारणको उपचार कसले गर्ने ?

सरकारले कोरोना रोकथाम र नियन्त्रणका लागि ‘केही आदेश’ जारी गरे पनि सहरबजार र उपचारमा मान्छेको भीडभाड घटेको छैन। दुई वर्षदेखि कोरोनाका कारण आर्थिक रूपमा हानि व्यहोरेका सर्वसाधारणका लागि अब घरभित्रै बसेर मुखमा माड लगाउन पनि गाह्रो भइरहेको छ । त्यसैले कोभिडबाट बच्दै दैनिकी चलाउनुपर्ने बाध्यता अर्कोतिर छ। यस्तो बेला काम पर्दा वा अत्यावश्यक कामका लागि मात्र बाहिर निस्कने र सुरक्षित भएर काम फत्ते गर्नेतिर सर्वसाधारणको ध्यान जानैपर्छ । महामारीलाई सरकार एक्लैले मात्र पनि पराजित गर्न सक्दैन । प्रत्येक नागरिक अनुशासित र सुरक्षित भएर यो महामारीबाट पार पाउन सकिन्छ। सरकारले पनि नागरिकलाई खोपको व्यवस्था गर्नैपर्छ । यस्तो विपत्को बेला अस्पतालसम्म आउन नसक्नेका लागि सरकारले घरघरमै पुगेर पनि खोप लगाउने व्यवस्था गर्नुपर्छ । त्यसका लागि नागरिक समाज, राजनीतिक दल, समाजसेवीको सहयोग लिएर सरकारले खोपलाई अभियानकै रूपमा सञ्चालन गर्न सक्छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# शहीदप्रतिको उच्च सम्मान



• प्रा. डा. श्रीरामप्रसाद उपाध्याय




आजभन्दा १७५ वर्षअघि इतिहासमा एउटा यस्तो दुःखद घटना भयो जुन घटना विश्वको इतिहासमा विरलै सुन्न र देख्न पाइन्छ । वि.सं. १९०३ भाद्र ३१ गते तदनुसार १४ सेप्टेम्बर १८४६ मा जङ्गबहादुर राणालाई कोतपर्व हत्याकाण्ड गराउनुपर्ने परिस्थितिको सिर्जना गऱ्यो । त्यसपछि भएको भण्डारखाल र औलो पर्वले जङ्गबहादुरलाई शक्तिशाली प्रधानमन्त्री बनायो । उहाँले प्रधानमन्त्रीको पद आफ्ना भाइ र परिवारमा सीमित गराउनु भएको थियो । हाम्रो देशमा राणा शासन चलिरहँदा चीनमा मन्चुरियाबाट आएका छिङ वंशको राज्यसत्ता कायम थियो । भारतमा ब्रिटिश उपनिवेश कायम थियो । नेपाल स्वतन्त्र राष्ट्र भए पनि एकतन्त्रीय शासन कायम थियो । १९६८ ( १९११ ) मा चीनमा मन्चु शासनको विरुद्धमा आन्दोलन भयो र गणतन्त्रको स्थापना भयो ।

१९१४ ( १८५७ ) मा भारतमा सिपाहीहरूले बेलायती शासनको विरुद्धमा विद्रोह गरेका थिए । त्यसपछि बेलायतको आँखा खुल्यो । भारतीयहरूलाई दबाएर मात्र शासन गर्न सकिँदैन भन्ने लाग्यो । त्यसैले बेलायत सरकारले भारतमा आफ्नो शासन खुकुलो गर्दै लग्यो । भारतीय युवाहरूलाई आफ्नो देशमा अध्ययन गर्ने अवसर प्रदान गऱ्यो । त्यसको फाइदा उठाइ करमचन्द गान्धी ( रवीन्द्रनाथ टैगोरले यिनको नाम महात्मा गान्धी राखे ) , जवाहरलाल नेहरू , रवीन्द्रनाथ टैगोरजस्ता भारतीय युवाहरूले बेलायत गएर अध्ययन गरेका थिए । यिनीहरूले बेलायत गएर फ्रान्स , बेलायत र अमेरिकामा भएको स्वतन्त्र संग्रामको विषयमा पढेका थिए । दक्षिण अमेरिकामा गोराहरूले अपमान गरेपछि करमचन्द गान्धीको मनमा विद्रोह जाग्यो । उहाँले भारतमा आएर अंग्रेज शासनको विरुद्धमा आन्दोलन गर्नुभएको थियो । २३ मार्च १९३१ मा संसद् भवनमा बम हानेको अभियोगमा अंग्रेज सरकारले सरदार भगतसिंह , राजगुरु र एकदेव जस्ता भारतीय युवालाई फाँसीमा झुण्ड्याइयो । प्रजातान्त्रिक आन्दोलनको यो लहर नेपालमा पनि पस्यो ।

१९९३ जेठ २० , ( १९३६ जुन २ ) नेपाली युवाहरूले राणा शासनको विरुद्धमा आन्दोलन गर्न प्रजापरिषद् नामको गोप्य राजनीतिक सङ्गठनको स्थापना गरेका थिए । दशरथ चन्द , धर्मभक्त माथेमा , टङ्कप्रसाद आचार्य , रामहरि शर्मा र जीवराज शर्मा गरी पाँचजना यसका संस्थापक सदस्य थिए । शुक्रराज शास्त्री ( जोशी ) का पिता माधवराज जोशी राणा शासनको विरुद्धमा हुनुहुन्थ्यो । शुक्रराज शास्त्रीले नागरिक अधिकार समिति खोल्नुभएको थियो । गङ्गालाल श्रेष्ठ पछि प्रजापरिषद्का सदस्य हुनुभएको थियो । चिनियाँमान सिंहले महावीर स्कुल खोलेर राणा शासनको विरोध गर्नुभएको थियो । गङ्गालाल श्रेष्ठ त्रिचन्द्र कलेजका विज्ञानका विद्यार्थी र महावीर स्कुलमा पढाउनु हुन्थ्यो ।

शुक्रराज शास्त्रीले सावरमति आश्रममा गएर महात्मा गान्धीलाई भेटेर नेपालको राणा विरोधी आन्दोलनमा सहयोग गर्न अनुरोध गर्नुभएको थियो । महात्मा गान्धीले यिनको कुराको कुनै जवाफ दिनुभएन । यिनी नेपाली क्रान्तिकारीलाई साथ दिएर राणाहरूलाई चिढ्याउन चाहँदैनथे । त्यसबखत नेपाली युवाहरू डा . डिल्लीरमण रेग्मी , बीपी कोइराला , पुष्पलाल श्रेष्ठ , गणेशमान सिंह , मनमोहन अधिकारीजस्ता नेपाली युवाहरू अंग्रेज विरोधी आन्दोलनमा लागेका थिए । शुक्रराज शास्त्रीमाथि भारतीय नेताहरूसँग सम्पर्क गरेको आरोप पनि लगाइएको थियो ।

१९९७ माघ ६ ( १९४१ जनवरी १९ ) मा राणा शासकहरूको विशेष अदालतले शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई सर्वस्वसहित मृत्युदण्ड सुनाएको थियो । माघ ९ मा शुक्रराज शास्त्रीलाई टेकुमा र माघ ११ गते धर्मभक्त माथेमालाई सिफलमा रुखमा झुण्ड्याएर मारियो । माघ १४ गते शोभा भगवती नजिक विष्णुमतिको किनारमा गोली ठोकेर दशरथ चन्द र गङ्गालाललाई शहीद बनाइयो । गङ्गालाल श्रेष्ठलाई मृत्युदण्ड दिन नरदेवीको बाटो शोभा भगवती लैजाँदा रातको समयमा उहाँले सुत्केरी पत्नी हसिनालाई हसिना हसिना भनेर बोलाउनुभएको थियो तर हसिना मस्त निद्रामा भएको हुनाले आफ्ना पतिले बोलाएको सुन्नुभएन । यसरी गङ्गालाल श्रेष्ठले अन्तिम समयमा पनि आफ्नो पत्नी र नवजात शिशुलाई भेट्न पाउनु भएन ।

निष्कर्ष

नेपालले सङ्कटको समयमा सधैँ आफ्ना छिमेकीहरूलाई साथ र सहयोग गर्दै आएको छ । तिब्बतमा रहेको नेपाली सेना टङ्कप्रसाद आचार्यको प्रधानमन्त्रित्वकालमा नेपाल फिर्ता आएको थियो । त्यसको निम्ति चीन नेपालप्रति ज्यादै अनुग्रहित भएको थियो । नेपाली युवा भारतीय सेनामा भर्ती भएर भारतको सुरक्षा गरिरहेका छन् । त्यसैले लिपुलेक , लिम्पियाधुरा र मुस्ताङसम्बन्धी समस्या समाधानमा दुवै छिमेकी राष्ट्रहरूले नेपाललाई सहयोग गर्नु पर्दछ । हाम्रो देशमा शहीदका जीवनी झल्कने नाटक, चलचित्र वा यस्तै श्रव्यदृश्य सामग्री बनेका छैनन् । यसतर्फ सरकार र चलचित्र संघको ध्यान जानु आवश्यक छ । यसको साथै शहीद तथा शहीदका परिवारहरूको रेखदेख तथा शिक्षाको उचित व्यवस्था गर्नुपर्दछ । हालसम्म पनि हाम्रो देशमा प्रजातन्त्रको निम्ति अनेक युवाहरूले आफ्नो जीवन बलिदान गरेका छन् । ती सबै ज्ञात अज्ञात शहीदप्रति श्रद्धासुमन अर्पण गर्नु सबै नागरिकको कर्तव्य हो ।

# गगन र विश्वप्रकाशलाई प्रश्नः भातृसंस्थामा विधान मिचिँदा किन मौन ?



• ई भुवन भट्ट

नेपाली काँग्रेसको १४औँ महाधिवेशनमा काँग्रेसभित्र रुपान्तरणसँगै पुस्तान्तरणको मुद्दा जबरजस्त स्थापित भएको छ । काँग्रेसको विधानले कार्यकारी अधिकार दिएको महामन्त्री पदमा विश्वप्रकाश शर्मा र गगन थापाको बिजयले त झन आम काँग्रेसजनमा पार्टीमा नयाँ रक्तसञ्चार हुने ठूलो अपेक्षा देखिन्छ । युवा पुस्ता , आम लोकतन्त्रवादी र फरक विचारधाराका मानिसहरू पनि काँग्रेसमा रुपान्तरणको मुद्दाले बलियो स्थान पाएको ठान्छन् । गगन र विश्वको विजयले नेपाली काँग्रेसका कार्यकर्तामा मात्र हैन, राजनीतिप्रति वितृष्णा पैदा भएको युवा पुस्ताहरूमा समेत नयाँ उत्साह देखिन्छ । वाकक्लामा अद्भूत क्षमता राख्ने गगन र संसदभित्र र बाहिरका फोरममा सत्तासिन पार्टी र सरकार सञ्चालनको जिम्मेवारी सम्हालेका व्यक्तिमाथि प्रश्न उठाउन विश्व सधैं अग्रमोर्चामा रहँदै आएका छन् । सरकार र पार्टीभित्र कार्यकारी पदमा नरहँदा राजनीतिक, सामाजिक र आर्थिक मुद्दामा जनताको आवाज बुझेर सोहीअनुरुप आफ्नो प्रष्ट विचार बुलन्द पार्न चतुर गगन र विश्व अब भने उत्तर दिने ठाउँमा पुगेका छन् ।

महामन्त्रीद्वय किन मौन ?

गगन र विश्वसँग आम काँग्रेसजन र जनताले आशा , भरोसा र अपेक्षा राखेका छन् । विश्व-गगनलाई जिताएर कांग्रेस महाधिवेशन प्रतिनिधिले दिएको मत त्यसैको अभिव्यक्ति हो । तर, अब उनीहरूले आफूलाई प्रमाणित गर्नुपर्ने छ । हिजो नेतृत्व र जिम्मेवारी सम्हालेका नेतालाई प्रश्न मात्रै सोधे पुग्थ्यो । तर अब आफै जिम्मेवारीमा आएपछि आफूलाई सोधिएका प्रश्नको जवाफ दिनु पर्नेछ । आफ्नै पार्टीलाई विधिसम्मत हिँडाउन र जनताको हितमा सरकार सञ्चालन गर्न पार्टीको तर्फबाट कत्तिको प्रभावकारी हस्तक्षेप र व्यावहारिक कार्यान्वयन गराउन सक्लान् ? चासोका साथ हेरिएको छ । विशेषतः नेविसंघका पृष्ठभूमिबाट गएका गगन-विश्वलाई अहिले नेविसंघ र तरूण दलमा देखिएको अराजकता र विधान विपरितको गतिविधिमा किन मौन रहेको भन्दै प्रश्नहरू सोधिन थालेका छन् । तर उनीहरू मौन देखिन्छन् , किन ? कांग्रेसको युवापंक्ति सशंकित देखिन थालेको छ । पार्टी विधिसम्मत ढंगले चलाइनुपर्छ , पार्टीभित्र हरेक नेता कार्यकर्तालाई न्यायको अनुभूति गराउनुपर्छ, भातृ तथा शुभेच्छुक संघहरूलाई विधिविधान अनुरुप निर्माण गर्दै गतिशील र क्रियाशील बनाइनुपर्छ , विधान सबै तहका नेता, कार्यकर्तालाई समान लागू हुनुपर्छ, काँग्रेस पार्टीमा आमूल रुपान्तरण हुनुपर्छ भन्दै वैधानिक पार्टी सञ्चालनका मुख्य एजेन्डा बोकेर पार्टीको महाधिवेशनमा होमिएका गगन र विश्वलाई पार्टीको मुख्य कार्यकारी पद महामन्त्रीमा महाधिवेशन प्रतिनिधिहरूले अनुमोदित गरेका छन् । तर महाधिवेशन सम्पन्न भएको महिना दिन बितिसक्दा पनि लथालिङ्ग, अस्थिपञ्जर मात्र बाँकी रहेका मुख्य १३ भातृसंस्थाको वैधानिकताका बारेमा एक शब्द पनि नबोल्नु र पार्टी नेतृत्वको ध्यानाकर्षण गराउँदै वैधानिक निकाससहित महाधिवेशन उन्मुख गराउन पहल नगरिनुले आम काँग्रेसजन आश्चर्यचकित बनेका छन् । गगन र विश्वप्रतिको आशा र अपेक्षा पनि निराशामा परिणत हुने हो कि भन्ने चिन्ता आज आम युवा, विद्यार्थीहरूमा उब्जिन थालेको छ । काांग्रेसमा १३ भातृसंस्था र २८ वटा शुभेच्छुक संस्था छन् । पार्टीले समयावधि सकिएका सबै भातृ एवं शुभेच्छुक संस्थाको कार्यकाल पछिल्लो समय ६ महिना थप गरेको थियो । पार्टीलाई चलायमान र सशक्त बनाउने कांग्रेसका पाँच भातृसंस्था नेतृत्वविहीन अवस्थामा छन् । कांग्रेस विधानको दफा ४२ १ ( ङ ) मा भातृसंस्थाका पदाधिकारी एवं सदस्य पार्टीको कुनै पनि तहको कार्यसमितिमा निर्वाचित वा मनोनित भए भातृसंघको पद स्वतः रिक्त हुने व्यवस्था छ । जसअनुसार नेविसंघ, नेपाल तरुण दल, नेपाल महिला संघ, नेपाल दलित संघ र नेपाल मुस्लिम संघका सभापतिहरू पार्टीको केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् । पार्टी विधानको ठाडो उल्लंघन गर्दै प्रमुख भातृसंघका सभापतिहरू पद ओगटेर बसेका छन् । पार्टीका प्रमुख मेरुदण्ड भातृसंघ नेविसंघ, तरुण दलका सभापतिहरू विधानअनुसार पदमुक्त भइसक्दा पनि पार्टीको विधानको खिल्ली उडाउँदै स्वघोषित अध्यक्ष भन्दै संगठनलाई बन्धक बनाइराखेका छन् । नेविसंघकै राजनीतिको जगबाटै आज पार्टीको महामन्त्रीमा निर्वाचित हुनुभएका र पार्टीमा विधिविधानको चर्को आवाज उठाउने गगन-विश्व आज प्रमुख भातृसंस्थाहरूमा विधानको ठाडो उल्लंघन हुँदा टुलुटुलु हेरेर बस्न मिल्छ ? विधिविधानको पक्षमा उठ्नुपर्ने गगन-विश्वको आवाज किन रोकियो ? तमाम युवा विद्यार्थीले प्रश्न गरिराखेका छन् । युवाहरूले भरोसा गरेका गगन-विश्वको मौनता आगामी राजनीतिक यात्राका लागि ठूलो चुनौती बन्न सक्ने देखिन्छ ।

अब सुरू भयो परीक्षा

बल्लबल्ल पार्टी महाधिवेशन गरेको कांग्रेसमा यतिबेला भातृसंस्थाहरूको बिजोग छ । प्रमुख भातृसंस्था नेतृत्वविहीन छन् भने अधिकांश दसौं वर्षसम्म अधिवेशन गर्न नसकेर तदर्थवादबाट सञ्चालित छन् । कांग्रेसमा भातृसंस्थाको आवधिक महाधिवेशन निकै टाढाको विषय बन्न थालेको छ । गगन-विश्वजस्ता युवाले अपेक्षा गरेका नेता नै मौन बस्ने हो भने भातृसंस्थाहरूको अस्तित्व नै सकिने अवस्थामा पुग्न सक्छ । यसले न त गगन-विश्वहरूलाई नै हित हुनेछ न त काँग्रेस पार्टीलाई । यी दुईप्रतिको भरोसा भातृसंस्थाहरूको वैधानिक निर्माण र सञ्चालनसँग पनि जोडिएको छ । नत्र भने जुन जोगी आए पनि कानै चिरेको भने जस्तै उनीहरू प्रतिको भरोसा गुम्न सक्छ, यसले राजनीतिप्रति थप बितृष्णा बढाउँछ । मुलुकमा लोकतन्त्र स्थापनाका लागि लामो समय संघर्ष गरेको र लोकतान्त्रिक व्यवस्थाकै पक्षपोषण गर्ने कांग्रेसभित्र भने आन्तरिक लोकतन्त्र निकै कमजोर भएको टिप्पणी पछिल्लो समय झन प्रखर हुँदै आएको छ । आन्तरिक लोकतन्त्रलाई मजबुत बनाउने जिम्मेवारी पनि काँग्रेस भित्रका नवयुवक गगन-विश्वकै काँधमा छ ।

६ महिनाभित्र महाधिवेशन गर्ने गरी पार्टीले २०७६ साल माघ १६ गते नेविसंघको अध्यक्षमा राजीव ढुंगानालाई नियुक्त गरेको थियो । १०१ सदस्यीय कार्यसमिति रहने भनिएकोमा जम्मा १० पदाधिकारीमा सीमित रह्यो नेविसंघ । नेविसंघको कार्यकाल दुई वर्ष रहने विधानको व्यवस्था छ । कांग्रेसको नर्सरीका रुपमा चिनिने नेविसंघको जुन हालत छ, बाँकी भातृ एवं शुभेच्छुक संस्थाको हविगत फरक छैन ।

नेपाल तरुण दलका अध्यक्ष उदय शम्शेर राणाले २०७३ मंसिर पहिलो साता महाधिवेशनमार्फत नेतृत्व हस्तान्तरण गरे । तरुण दलको अध्यक्ष बने नेविसंघ पृष्ठभूमिका जितजंग बस्नेत । महाधिवेशनले चार जना पदाधिकारी मात्रै चयन गर्न सक्यो, त्यो पनि गुटगत भागवण्डामा । ९५ सदस्यीय कार्यसमितिका बाँकी सदस्य पार्टीले पछि मनोनित गर्ने भनिए पनि तीन वर्षे कार्यकाल सकिएकै दुई वर्ष बितिसकेको छ । चार सदस्य रहेको तरुण दल तीन जनामा सीमित रह्यो भने अहिले नेतृत्वविहीन अवस्थामा पुगेको छ । देशभरका युवाहरूलाई संगठित गर्ने तरुण दल आफै कोमामा पुगेको छ । नेपाल महिला संघको चार वर्षे कार्यकाल अघिल्लो वर्ष नै सम्पन्न भइसकेको छ । यतिबेला अध्यक्ष, उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष पद नै रिक्त छन् । त्यस्तै, नेपाल दलित संघको नेतृत्वमा केन्द्रीय सदस्य मीन विश्वकर्मा विगत दश वर्षदेखि छन् । तीन वर्षे कार्यकाल रहेको संघको चौथो महाधिवेशन २०६९ सालमा सम्पन्न भएको थियो । त्यसपछि दलित संघले महाधिवेशन नगरेर कार्यकाल लम्ब्याउँदै आएको छ ।

उता २०६४ सालमा गठन भएको किसान संघले अहिलेसम्म अधिवेशन गर्न सकेको छैन । सेनानी संघले २०६९ सालपछि अधिवेशन गरेकै छैन भने सैनिक संघले २०७३ सालमा केन्द्रीय अधिवेशन गरेको थियो । राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघले १२ वर्षदेखि अधिवेशन नै गरेको छैन । २०६६ सालमा गठन भएको संघले एक पटक पनि अधिवेशन गरेको छैन । नेपाल मुस्लिम संघले २०७५ साल वैशाखमा दोस्रो महाधिवेशन गरेको थियो भने नेपाल तामाङ संघको अध्यक्षमा १२ वर्षदेखि केवलबहादुर तामाङ रहेका छन् । नेपाल राष्ट्रिय मगर संघको पनि नियमित कार्यकाल सकिसकेको छ भने नेपाल ठाकुर समाजले २०६७ साल वैशाखदेखि महाधिवेशन गरेको छैन । १२ औं महाधिवेशनबाट भातृसंस्थाको मान्यता पाएको ठाकुर समाज ११ वर्षदेखि पुरानै नेतृत्वबाट सञ्चालित छ ।

भद्रगोल भातृसंस्थाको महाधिवेशन गराउनु, आगामी तीनै तहको निर्वाचनमा पार्टी प्रतिनिधिलाई जिताउनु , आफैले घोषणा गरेको पार्टी रूपान्तरणको अभियानलाई गति दिनु, पार्टीमा विधिविधानको पूर्ण कार्यान्वयन गराउनु , सरकार सञ्चालनलाई जनहितमा प्रभावकारी बनाउन पार्टीबाट हस्तक्षेपकारी भूमिका खेल्नु विश्व-गगनका लागि प्रमुख कार्यभार हुन् । फोहोर सफा गर्न पोखरीमा पस्नुपर्छ भन्ने गगन कांग्रेसभित्रको फोहोर सफा गर्न सफल होलान् ? राजनीतिलाई सम्मानित बनाउने अभियानमा विश्वप्रकाशको भूमिका कस्तो हुन्छ ? यी प्रश्नमा उनीहरूले काम र व्यावहारिक कार्यान्वयनबाट दिने जवाफले नै उनीहरूको मूल्याङ्कन हुनेछ ।

राजनीतिबाट बुढाहरूले विश्राम लिनुपर्छ भन्ने गगन र राजनीतिमा ‘एज होइन एजेण्डा’ महत्वपूर्ण ठान्ने विश्वप्रकाशले एज र एजेण्डालाई कसरी संयोजन गर्लान् ? पार्टीमा केहीलाई पुस्तान्तरणको चित्र देखाएर आकर्षण बढाउन गगन र एजेण्डाले आकर्षित गरेर पार्टीको आयतन वृद्धिमा विश्वप्रकाशको भूमिका अपेक्षित छ । यावत आशा, भरोसा र अपेक्षाको चाङमा गगन र विश्वको डेलिभरी नै आम काँग्रेसीजन र युवा पुस्तालाई भरोसा दिलाउन सक्ने सञ्जिवनी बुटी बन्नेछ । अन्यथा गगन-विश्वप्रतिको आशा निराशामा बदलिँदा परिणामले ल्याउने धक्काको कम्पन विध्वंशकारी हुनेछ । अब गगन र विश्वको वास्तविक परीक्षा सुरू भएको छ । पार्टीका हरेक तहका नेता, कार्यकर्तामा विधिविधानको समान कार्यान्वयन र पार्टीको प्रमुख शक्तिका स्रोतको रुपमा रहेको नेविसंघ लगायतका भातृसंघहरूको वैधानिक निर्माण र परिचालनका लागि गरेको व्यावहारिक पहलबाट नै गगन-विश्वको अग्निपरीक्षा सुरु हुनेछ । अहिलेसम्म अरुलाई प्रश्न गर्ने बुलन्द आवाज आज आफ्नै पार्टीका प्रमुख भातृसंस्थाहरूको अस्तित्व नै संकटमा पर्दा के कारणले रोकियो ? आम युवा विद्यार्थीको प्रश्न गगन-विश्वका अगाडि उत्तर खोजिरहेका छन् । प्रश्नको जवाफ व्यहारमा आउँछ भन्ने आशा अझै जीवित राख्दै भातसंस्थाको वैधानिकता र महाधिवेशनको सुनिश्चितताबारे तत्काल ठोस पहल र व्यावहारिक कार्यान्वयनतर्फ पहलकदमी लिने आशा अझै मारिसकेका छैनौं । नेपाल विद्यार्थी संघको इमान्दार नेता, कार्यकर्ताले तपाईंहरूका अगाडि प्रश्न गरेका छौं । आशा छ, प्रश्नको उत्तर व्यावहारबाट आउनेछ, अन्यथा मजस्तै तमाम युवा विद्यार्थी साथीहरू आफूले अपेक्षा गरेका नेताप्रति संघर्षको बिगुल फुक्दै अगाडि बढ्नुको विकल्प हुने छैन ।

# प्रदेश १ का नौ जिल्लामा घट्यो जनसंख्या




*झापा (प्रस)* । पछिल्लो १० वर्षमा प्रदेश १ का नौ जिल्लाको जनसंख्या घटेको छ । प्रदेश १ का पहाडी जिल्ला धनकुटा, तेह्रथुम, ताप्लेजुङ, पाँचथर, इलाम, भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुंगाको जनसंख्या २०६८ सालभन्दा २०७८ सालमा कम भएको पाइएको हो।

केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको प्रारम्भिक तथ्यांकमा देशका ३२ जिल्लाको जनसंख्या २०६८ सालभन्दा कम छ । जसमा प्रदेश १ का नौ जिल्ला रहेका छन् ।

धनकुटाको जनसंख्या २०६८ सालमा एक लाख ६३ हजार ४१२ रहेकामा २०७८ सालमा एक लाख ४९ हजार ९८४ कायम भएको छ । तेह्रथुममा २०६८ सालमा एक लाख एक हजार ५७७ जनसंख्या रहेकामा २०७८ सालमा ८९ हजार १२५ मा झरेको छ । ताप्लेजुङमा २०६८ मा एक लाख २७ हजार ४६१ जना रहेकामा २०७८ मा एक लाख २० हजार ३५९ मा झरेको छ । पाँचथरमा ०६८ सालमा एक लाख ९१ हजार ८१७ जनसंख्या रहेकामा २०७८ सालमा एक लाख ७४ हजार ४१९ कायम भएको छ ।

इलाममा २०६८ सालमा दुई लाख लाख ९० हजार २५४ जनसंख्या रहेकामा २०७८ सालमा दुई लाख ८० हजार ५६५ मा झरेको छ । भोजपुरको जनसंख्या २०६८ सालमा एक लाख ८२ हजार २५९ रहेकामा २०७८ मा एक लाख ५८ हजार ९९१ मा झरेको छ । सोलुखुम्बुमा २०६८ सालमा एक लाख पाँच हजार ८८६ जना रहेकामा २०७८ सालमा एक लाख चार हजार ७६८ मा झरेको केन्द्रीय तथ्यांक विभागको प्रारम्भिक प्रतिवेदनमा उल्लेख छ ।

खोटाङमा २०६८ सालमा भन्दा ३० हजार ९७२ जनाले जनसंख्या कम भएको छ । २०६८ सालमा दुई लाख ६ हजार ३१२ रहेकामा २०७८ सालमा एक लाख ७५ हजार ३४० मा झरेको छ । ओखलढुंगामा २०६८ सालको जनसंख्या एक लाख ४७ हजार ९८४ रहेकामा २०७८ मा एक लाख ४० हजार ९१४ मा झरेको छ ।

प्रदेश १ को पहाडी जिल्ला संखुवासभामा भने जनसंख्या बढेको छ । संखुवासभाको जनसंख्या १० वर्षमा ३०४ जना बढेर एक लाख ५९ हजार ४६ पुगेको छ । प्रदेश १ को ५ जिल्लामा भने २०६८ सालको भन्दा जनसंख्या बढेको छ । प्रतिशतका आधारमा सबैभन्दा धेरै जनसंख्या झापाको बढेको छ । झापाको जनसंख्या २०६८ सालमा आठ लाख १२ हजार ६५० रहेकोमा अहिले एक लाख ८१ हजार ४४० ले बढेर नौ लाख ९४ हजार ९० पुगेको छ । त्यस्तै मोरङ, सुनसरी र उदयपुरको पनि जनसंख्या बढेको छ । मोरङको जनसंख्या एक लाख ८१ हजार ८१६ जना बढेर एघार लाख ४७ हजार १८६ पुगेको छ ।

सुनसरीमा १० वर्षको अवधिमा २९ हजार २६ जना बढेर जिल्लाको कुल जनसंख्या नौ लाख ३४ हजार ४६१ पुगेको छ भने उदयपुरको २०६८ को जनसंख्या तीन लाख १७ हजार ५३२ रहेकोमा बढेर तीन लाख ४२ हजार ७७४ पुगेको छ ।

**यस्तो छ धनकुटाको अवस्था**

केन्द्रीय तथ्यांक विभागले बुधवार जारी गरेको राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार धनकुटाको कुल जनसंख्या १ लाख ४९ हजार ९८४ रहेको छ । जसमध्ये ७३ हजार २३४ जना पुरुष र ७६ हजार ७५० जना महिला रहेका छन् ।

उक्त जनसंख्या २०६८ सालको भन्दा १३ हजार ५२८ ले कमी हो । २०६८ सालमा धनकुटाको जनसंख्या १ लाख ६३ हजार ४१२ रहेको थियो ।

अहिले धनकुटाको जनसंख्या बृद्धिदर ऋणत्मक रहेको छ । बृद्धिदर -०.८१ रहेको तथ्यांक बिभागले सार्वजनिक गरेको प्रतिबेदनमा उल्लेख छ ।

धनकुटामा ३७ हजार ८८९ परिवार रहेका छन् । धनकुटामा सबैभन्दा बढी जनसंख्या धनकुटा नगरपालिकाको ३६ हजार १५६ रहेको छ । सबैभन्दा कम छथरजोरपाटी गाउँपालिकामा १६ हजार ४७७ रहेको छ । त्यस्तै महालक्ष्मी नगरपालिकाको २२ हजार १९६, साँगुरीगढी गाउँपालिकाको १९ हजार ६०१, पाख्रिवास नगरपालिकाको १९ हजार २५६, चौबिसे गाउँपालिकाको १७ हजार ९१४, सहिदभूमि गाउँपालिकाको १७ हजार ७८४ रहेको छ ।

# धनपालथानमा भेटिएका दुई शवमध्ये एउटाको पहिचान

*झापा (प्रस)* । मोरङको धनपालथान गाउँपालिका-७ स्थित उखुबारीमा खाल्डो खनेर पुरिएकामध्ये एउटा शवको पहिचान भएको छ । १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता एसपी नविनराज राईका अनुसार शुक्रबार उत्खनन गरी निकालिएको शव धरान उपमहानगरपालिका-३ का ४९ वर्षीय राजेन्द्रकुमार श्रेष्ठको भएको बताए । श्रेष्ठ भक्तपुरमा बस्दै आएको बताइएको छ । प्रहरीले उनको शवबाट नेपाल टेलिकमको सिम कार्ड, पर्स र सवारी चालक प्रमाणपत्र पनि फेला पारेको छ । श्रेष्ठको घाँटीमा डोरीले बाँधेको डाम देखिएको छ । उनीसँग फेला परेको कागजातका आधारमा उनको परिवारसँग सम्पर्क गर्दा ३०-४० दिनदेखि उनी सम्पर्कमा नभएको बताइएको छ । उनको परिवारलाई बोलाइएको प्रहरीले बताएको छ ।

बुधवार उत्खनन गरिएको अन्दाजी ३०/३५ वर्षका पुरुषको शव भने पहिचान भएको छैन । दुवै शवको प्रकृति एउटै भएका कारण अर्का व्यक्तिको पहिचान गर्ने प्रयास भइरहेको उनको भनाइ छ ।

बुधवार निकालिएको शवको हात डोरीले बाँधिएको र घाँटीमा पनि डोरीको डाम छ । उखु काट्ने क्रममा किसानले खनेर पुरेको अवस्थामा खाल्डो देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

## टोल...

गाउँपालिकालाई काँग्रेसमय बनाउन अहिले केन्द्र , जिल्ला र क्षेत्रीय स्तरका नेता कार्यकर्ताहरु टोल समिति बनाउन व्यस्त देखिएका छन् । टोल समिति गठन गर्नेक्रममा काँग्रेसले वडा नं. २ मा ९ वटा टोल समिति गठन गरेको छ ।

काँग्रेसको टोल समितिहरुमा हवलदार बस्तीको सभापतिमा जसोदा पोखेल , सुँगावथानका ताला हेमरम , कामात बस्तीका मंगलसिंह राजवशी , हाटखोलाका सुरेश कामती , कुवाडीका विकास विष्ट, सडकवाडी पश्चिम टोलका तुलसी राजवंशी , सडकवाडी पूर्व टोलका श्री हेमरम, झापा बजारका मनोजकुमार गणेश र बालुवाटारका केशबबहादुर कोइराला रहेका छन् भने शनिवार वडा न.ं २ मै अर्को टोल समिति गठन हुने वडा सचिव टेकबहादुर कार्कीले बताए ।

त्यसैगरी नेकपा एमालेले वडा नं. २ मा ४ वटा टोल समिति गठन गरेको छ । बालुवाटार टोल समितिको अध्यक्षमा डिल्लीराम हेमरम , सडकवाडीका जितबहादुर थेवे , कामात बस्तीका गोपाल चौधरी र कुवाडीका मोहन दर्नाल रहेको झापा गाउँपालिका गाउँ कमिटी अध्यक्ष गजेन्द्र ताम्लीले बताए ।

एमालेको वर्चस्व रहेको वडा न.ं २ को बालुवाटारमा शुक्रबार वडा समिति गठन गरी काँग्रेसले सिंगो गाउँलाई काँग्रेसमय बनाएको छ । बालुवाटारमा केशबबहादुर कोईरालाको नेतृत्वमा २७ जनाको टोल समिति गठन भएको हो । जसको उपसभापतिमा छोट्का हेमरम , सचिवमा विमला थेवे लिम्वु , सह-सचिव विष्णुकुमारी घोर्षाने र कोषाध्यक्षमा श्याम विष्ट रहेका छन् ।त्यस अवसरमा विभिन्न पार्टी परित्याग गरी ७१ जना काँग्रेसमा प्रवेश गरेका छन् । नवप्रवेशीहरुलाई कार्यक्रमका प्रमुख अतिथि क्षेत्रीय सभापति जयनारायण शाहले स्वागत गरेका थिए । नेपाली काँग्रेस वडा नं २ का सभापति द्धारिका खतिवडाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन राजकुमार कोचले गरेका थिए ।

# मिडिया कवरेजको डेढ दशकपछि पत्रकारलाई सम्मान



• **रूपेन्द्र शेर्मा**/उर्लाबारी

मोरङको उर्लाबारी-२ स्थित वेतिनी सामुदायिक वन उपभोक्ता समूहले यस वर्षदेखि पत्रकारलाई सम्मान गर्न थालेको छ । वन क्षेत्रभित्र रहेको सिमसारको बिषयमा मिडिया कवरेज गरेको लामो समयपछि समूहले पत्रकारलाई सम्मान गरेको हो ।

लगभग २०६० सालदेखि नै स्थानीय पत्रकार हरुले वेतिनी सिमसारको विषयमा मिडिया कवरेज सुरु गरेका हुन् । लोपोन्मुख पशुपंक्षी र महत्वपूर्ण वनस्पतिको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन तथा सिमसारको प्रचारप्रसारमा योगदान पुर्‍याएपनि स्थानीय पत्रकारहरुलाई वन उपभोक्ता समूहले खासै चासो दिएको थिएन । तर यस वर्षदेखि भने वन उपभोक्ता समूहले पत्रकार सम्मान कार्यक्रम प्रारम्भ गरेको छ । वन उपभोक्ता समूहको १९ औं साधारणसभाको अवसरमा पत्रकार केदार चौहानलाई १० हजार नगदसहित दोसल्ला ओढाएर सम्मान गरेको हो । पत्रकार चौहानलाई साधारणसभामा प्रमुख अतिथि बनेका नगर प्रमुख खड्ग फोगोले सम्मानपत्र प्रदान गरेका थिए भने उपप्रमुख लक्ष्मीदेवी भण्डारीले दोसल्ला ओढाएकी थिइन् ।

साधारणसभामा समूहका अध्यक्ष भिम राईले आगामी आर्थिक वर्ष २०७८/०७९ को प्रस्तावित वार्षिक कार्ययोजना, सचिव अरुणा थापाले प्रगति प्रतिवेदन र कोषाध्यक्ष ज्योति थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कोषाध्यक्ष थापाले गत आव २०७७/०७८ को एक करोड २४ लाख ५२ हजार ६६९ रुपैयाँ बराबरको आयव्यय प्रस्तुत गरेका थिए ।

**वेतिनीमा त्रिपक्षीय भिडन्त**

वेतिनी सामुदायिक वन उपभोक्ता समूहको १९ औं साधारणसभाअन्तर्गत शनिबार हुने निर्वाचनमा अध्यक्ष पदका तीनजनाले उम्मेदवारी दिएका छन् । वर्तमान अध्यक्ष भिम राई, कोषाध्यक्ष ज्योति थापा र पूर्व अध्यक्ष कृष्ण दाहालले उम्मेदवारी दिएका हुन् ।

त्यसैगरी उपाध्यक्षमा श्याम ढकाल र कुलबहादुर प्रधानले उम्मेदवारी दिएका छन् । महिला उपाध्यक्षमा सिता बुढाथोकी र सचिवमा अरुणा थापा निर्विरोध निर्वाचित भएका छन् ।

त्यस्तै सहसचिवमा मित्रप्रसाद आचार्य र रोहित आचार्य तथा कोषाध्यक्षमा कृष्णराज गिरी, अर्जुन बाँस्तोला र राजेन्द्र बाँस्तोलाले उम्मेदवारी दिएका छन् । लेखा संयोजकमा देवमणी न्यौपाने र कमलप्रसाद लुईटेल उम्मेदवार बनेका छन् ।

# सामूहिक बलात्कारको आरोपमा होटल सञ्चालकसहित ३ पक्राउ



*विराटनगर (प्रस)* । एक महिलालाई सामूहिक बलात्कार गरेको आरोपमा होटल सञ्चालकसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मोरङको सुन्दरहरैंचा नगरपालिका-४ बलियामा रहेको श्रेष्ठ होटल एण्ड फेमिली होटलमा ३५ वर्षीय महिलामाथि जबरजस्ती करणी गरेको आरोपमा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो।

पक्राउ पर्नेमा मोरङ सुन्दरहरैचा नगरपालिका-४ बलिया चोकका होटल सञ्चालक ३५ वर्षीय अर्जुनकुमार श्रेष्ठ, सोही स्थानका २५ वर्षीय सुरज श्रेष्ठ र झापा मेचीनगर नगरपालिका-३ का २५ वर्षीय रामबहादुर नेपाली भन्ने सुधान्सु दर्जी रहेका छन्। गत माघ ७ गते साँझ पीडित महिला इटहरीबाट बहिनीको घर फर्कने क्रममा गछिया खोलाको पुल नजिकबाट बहिनीको घर पुर्‍याइदिन्छु भनि गाडीमा चढाएर उक्त होटलमा लगी सामूहिक बलात्कार गरेको खुल्न आएको छ ।

गत माघ ८ गते शनिबार उक्त घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको टोलीले होटल सञ्चालक अर्जुनकुमार श्रेष्ठ र सुरज श्रेष्ठलाई नियन्त्रणमा लिएको थियो । घटनापछि फरार रहेका रामबहादुर नेपाली भनिने सुधान्सु दर्जीलाई भने गत ११ गते इलाम सूर्योदय नगरपालिका-१२ तीनघरेबाट प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका तीनै जनाविरुद्ध जबरजस्ती करणी मुद्दामा म्याद थपेर अनुसन्धान अगाडि बढाएको मोरङ प्रहरीले प्रवक्ता डिएसपी दिपक श्रेष्ठले जानकारी दिए ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ । ताके अनुरूप काम नबन्नाले दिक्क

**वृष** पारिवारिक प्रेम र सद्भाव बढेर जानेछ । रोकिएका अधुरा पुराना कामहरू पुरा

**मिथुन** जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।

**कर्कट** आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । अकस्मात धन सम्पत्ति हात पर्नेछ ।

**सिंह** इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । धनार्जनका नयाँ स्रोतहरू पनि पत्ता

**कन्या** शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**तुला** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न

**वृश्चिक** कुनै कुराले मनमा शान्ति छाउनेछ । पारिवारिक सहयोग पनि मिल्नेछ ।

**धनु** जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्य प्रतिकूल रहन सक्छ ।

**मकर** आकस्मिक धनलाभ हुनेछ । कुनै काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । स्वादिष्ट भोजन पनि पाइनेछ ।

**मिन** पारिवारिक सद्भाव बढ्नेछ । आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्